जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २८७ पृष्ठः ४ | २०८२ फाल्गुन २७ बुधबार (Wednesday 11 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा कांग्रेसद्वारा पूर्वमन्त्रीसहित ११ जनालाई कारबाही सिफारिस



**मणिलाल विश्वकर्मा**

लहान, २६ फाल्गुन। २१ फागुनमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टीले उठाएका उम्मेदवारलाई असहयोग गरेको आरोपमा नेपाली कांग्रेसको सिरहा १ नम्बर क्षेत्रीय कार्यसमितिले पूर्वमन्त्री पदमनारायण चौधरीसहित ११ जनालाई कारबाहीका लागि सिफारिस गरेको छ।

क्षेत्रीय कार्यसमितिको सोमबार सम्पन्न भेलाले ११ जनालाई नै आगामी पाँच वर्षका लागि साधारण सदस्यसमेत नरहने गरी पार्टी केन्द्रको अनुशासन समितिलाई कारबाही सिफारिस गरेको हो। कारबाहीका लागि सिफारिस गरिएकाहरूमा महाधिवेशन प्रतिनिधिहरू सन्तोष चौधरी तथा गौरीनारायण चौधरी, क्षेत्रीय सहसचिव मुकेश महतो, क्षेत्रीय सहस्यहरू कन्हैयाप्रसाद गुप्ता, गोपालकृष्ण यादव, नेपाल थारू संघ जिल्ला अध्यक्ष अजय चौधरी, नेपाल लोकतान्त्रिक खेलकुद संघका जिल्ला अध्यक्ष आनन्द चौधरी, जिल्ला सदस्य रामगणेश दास, लहान १० का बुथ सभापति अम्बराज मिश्र, लहान २० का बुथ सभापति विनोद साह छन्।

निर्वाचनमा पार्टीको उम्मेदवारविरुद्ध अन्य पार्टी रास्वपा, जनमत र स्वतन्त्र उम्मेदवारको पक्षमा लागेर पार्टी हितविपरीत काम गरेको र आफ्नै पार्टीका उम्मेदवारलाई असहयोग गरेको ठहर गर्दै क्षेत्रीय कार्यसमितिले पार्टीको विधान २०१७ को संशोधनसहित धारा ३४ को ४ 'क' बमोजिम कारबाहीको सिफारिस गरिएको जनाएको छ।

बहुदलीय व्यवस्था पुनर्स्थापनापछि ०६४ को संविधानसभा, ०५६ र ०७९ को निर्वाचनबाहेक ०४८, ०५१, ०७०, ०७४ को निर्वाचन जितेको कांग्रेसका प्रत्याशी रामसुन्दर चौधरीले यसपटक निकटतम प्रतिद्वन्द्वीको रूपमा नौ हजार ७८४ मत ल्याएका छन्। कांग्रेसले पहिलोपटक

–बाँकी दुई पेजमा

## सिरहामा समानुपातिकतर्फ रास्वपालाई डेढ लाख बढी मत




**मणिलाल विश्वकर्मा**

लहान, २६ फाल्गुन। प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत २१ फागुनमा भएको मतदानमा प्रत्यक्षतर्फ सिराहाका चारवटै निर्वाचन क्षेत्र जितेको राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिकतर्फ पनि सबैभन्दा बढी मत प्राप्त गरेको छ। जिल्ला निर्वाचन कार्यालय सिरहाका अनुसार रास्वपाले समानुपातिकतर्फ जिल्लाको चारवटै क्षेत्रको कुल सदर मत (दुई लाख ७९ हजार ४२९)को ५७.५५ प्रतिशत अर्थात् एक लाख ६० हजार ८२४ मत प्राप्त गरेको छ। समानुपातिकतर्फको मतगणनाको अन्तिम परिणामअनुसार रास्वपाले क्षेत्र नं १ मा ४१ हजार ५३६, क्षेत्र नं २ मा ४१

–बाँकी दुई पेजमा

## माछा मार्न गएका युवकको डुबेर मृत्यु

**विनय कर्ण**

कल्याणपुर, २६ फाल्गुन। माछा मार्न गएका एक युवकको मंगलवार पोखरीमा डुबेर मृत्यु भएको छ। राजविराज नगरपालिका वडा नम्बर ३ मा रहेको कल्टु दास पोखरीमा डुबेर सोही नगरपालिका वडा नम्बर ४ निवासी २५ वर्षीय 'बौवा' भनिने गजेन्द्र दासको मृत्यु भएको हो।

मंगलवार बिहान ७ बजे माछा मार्न पोखरीमा पस्नुभएका दासको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो। स्थानीय

–बाँकी तीन पेजमा

## सप्तरीका चार क्षेत्रमा ८९ उम्मेदवारको जमानत जफत

**देवराम यादव**

सप्तरी, २६ फाल्गुन। सप्तरीमा प्रतिनिधिसभा सदस्य पदका १ सय २ उम्मेदवारमध्ये ८९ जनाको जमानत जफत भएको छ।जिल्लाका चारवटै निर्वाचन क्षेत्रका गरी ८९ उम्मेदवारको जमानत जफत भएको हो भने १३ जनाले मात्र जमानत जोगाउन सफल भएका छन्।

सप्तरी निर्वाचन क्षेत्र नं. १ मा रास्वपाकी पुष्पाकुमारी चौधरी, स्वाभिमान पार्टीका सुमित साह र एमालेका सुमनराज प्याकुरेल बाहेक अन्य सबै १८ उम्मेदवारको जमानत जफत भएको छ। यस क्षेत्रबाट उम्मेदवार रहेका नेपाली कांग्रेस सप्तरीका सभापति रामदेव साह, जनमत पार्टीका नेता डा. जयकान्त राउत, जसपा नेपालका श्यामसुन्दर सरदार, उज्यालो नेपाल पार्टीका हर्खनारायण चौधरी, राष्ट्रिय प्रजातन्त्र पार्टीका सत्यजितकुमार झा, नेपाल जनता पार्टीका दीपेन्द्रप्रसाद यादव, नेपाल जनता संरक्षण पार्टीका खेमराज जैशी, नागरिक उन्मुक्ति पार्टीकी टिकालक्ष्मी चौधरी, राष्ट्रिय एकता दलका शम्भुप्रसाद देवलगायतको पनि जमानत जफत भएको छ।

क्षेत्र नं. २ मा रास्वपाका रामजी यादव, जसपा नेपालका उमेशकुमार यादव र जनमत पार्टीका चन्द्रकान्त ( सीके) राउत बाहेक अन्य ३१ उम्मेदवारको जमानत जफत भएको छ। यस क्षेत्रबाट उम्मेदवार रहेका नेपाली कांग्रेस सप्तरीका उपसभापति रामकुमार यादव, मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंह, राष्ट्रिय निर्माण दलका अफरोज आलम, नेकपा (एमाले) का मो. जियाउल रहमान, नेकपाका सूर्यनाथप्रसाद यादव, उज्यालो नेपाल पार्टीका डा. दीपक चौधरी, जनअधिकार पार्टीका डा. शरदसिंह यादव, जनता लोकतान्त्रिक पार्टी नेपालका बलरामप्रसाद यादव, राष्ट्रिय मुक्ति पार्टी नेपालका अनिश अन्सारी, नेपाल जनता पार्टीकी रञ्जुकुमारी झा (ठाकुर), नेपाल संघीय समाजवादी पार्टीका राजकुमार मण्डल, राष्ट्रिय प्रजातन्त्र पार्टीका अजयकुमार दास, नेपाल मजदुर किसान पार्टीकी

–बाँकी तीन पेजमा




**तनाव व्यवस्थापनका तरिका**

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्रा र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आ नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# आपूर्ति र वितरणको नियमनमा हेलचेक्र्याइँ

राजनीतिक सङ्क्रमण होस् कि प्राकृतिक विपत्ति कालोबजार गर्नेहरू मौका छोप्न अग्रसर भइहाल्छन्। अहिले देशको ध्यान चुनावमा केन्द्रित भएको मौका कालोबजार गर्नेहरूले छोप्न थालेको समाचार सार्वजनिक भएको छ। समाचारअनुसार सिरहा जिल्लाको लहानमा एलपी ग्यासको अभाव भएको भन्दै विक्रेताहरूले उपभोक्तासँग दोब्बर मोल असुलेका छन्। यसरी अभावको मौकामा दोब्बर भाउ असुल्ने प्रवृत्ति पक्कै पनि सिरहामा सीमित छैन।

सरकारी स्वामित्वको नेपाल आयल निगमको एकाधिकार भएको ग्यासको ढुवानी, भण्डारण, सिलिन्डरमा भरेर विक्री गर्ने काममा भने निजी क्षेत्र संलग्न छ। यसैले अहिलेको कालोबजारी सरकारी र निजी क्षेत्रको साझेदारीजस्तो देखिन्छ। अहिले नेपालका अधिकांश पहाडी गाउँहरूमा समेत खाना पकाउन एलपी ग्यासको प्रयोग गरिन्छ। यस्तै केही कलकारखाना र यातायातका साधनमा समेत ग्यासको खपत हुन्छ । यसैले एलपी ग्यासको अभाव हुँदा जनजीवनलाई समस्या पर्ने गरेको हो।

चुनावभन्दा पहिलेदेखि नै बजारमा एलपी ग्यास पाउन मुस्किल भइसकेको थियो। त्यसबीच निर्वाचन भयो। निर्वाचनका समयमा केही दिन सीमा नाका बन्द हुँदा ग्यासको आयात पनि रोकियो। कालोबजार गर्नेहरूले यसलाई पनि बहाना बनाउने नै भए। बेइमान विक्रेताहरूले कालोबजार गर्न मौका छोपेजस्तै केही ग्यास कम्पनीहरूले पनि अभावलाई बजार विस्तार गर्ने अवसरका रूपमा प्रयोग गर्छन्। उपभोक्ताले आफूसँग भएका सिलिन्डरमा पैसा थपेर अर्को कम्पनीको साँट्नुपर्ने वा नयाँ सिलिन्डर किन्नुपर्ने बाध्यता हुन्छ।

उपभोक्ताको ग्यास थुपार्ने होड पनि कृत्रिम अभाव हुने एउटा कारण हो। यस्तै, अनियमित विद्युत् आपूर्ति र खाना पकाउन बिजुलीको प्रयोग गर्ने अभ्यास कम भएकाले पनि ग्यास नभई चुलै नबल्ने अवस्था छ। यी सबै कारणले अभाव हुन्छ भने आपूर्ति र नियमन गर्ने निकायका अधिकारीहरू भने समस्या भए कानुनबमोजिम कारबाही हुन्छ भन्ने रट लगाएर बसेका हुन्छन्। सिरहाको जिल्ला प्रशासनका अधिकारीले पनि त्यही भनेका छन्।

फागुन २१ गते चुनाव हुने घोषणा भदौमै भएको नेपाल आयल निगम र अरू सम्बन्धित निकायका अधिकारीहरूलाई पनि पक्कै थाहा थियो। उनीहरूले सीमा बन्द हुने, बजारका कृत्रिम अभाव हुनसक्ने र आपूर्तिमा केही व्यवधान हुनसक्ने अनुमान गरी तदनुरूप बन्दोबस्त मिलाउनुपर्ने हो। कानुनले बजार अनुगमन र नियमनको दायित्व दिएको निकायका अधिकारीहरूले कसैले उजुरी गर्ला वा आदेश देला भनेर नपर्खेको भए पनि अभाव र कालोबजार नहुनसक्थ्यो। यस्तै, विक्रेता र ग्यास कम्पनीहरूले मौका नछोपेको भए पनि कालोबजारको गुनासो गर्नुपर्ने थिएन।

अब बजार अनुगमन र आपूर्तिको प्रबन्ध मिलाउन नयाँ सरकार बनुन्जेल सरोकारवालाहरू हात बाँधेर नबसुन्। यसैगरी ग्यास सिलिन्डरहरू अर्को कम्पनीसँग पनि सजिलै सट्टापट्टा हुने व्यवस्था मिलाउनु उचित हुनेछ। सुरक्षाका दृष्टिले पनि ग्यास सिलिन्डरको मापदण्ड कडाइका साथ लागु गरिनुपर्छ। चुलोमा बिजुलीको प्रयोग सस्तो पर्ने अध्ययनले पुष्टि गरेकाले पनि वैदेशिक मुद्रासमेत जोगिने अभ्यासलाई उत्प्रेरित गर्ने नीति व्यवहारमै कार्यान्वयन गरिनुपर्छ। नत्र, कृत्रिम अभाव, कालोबजार, अनुगमन र कारबाहीको झाराटराइको दुश्चक्र कहिल्यै तोडिनेछैन।

अब त झन् मध्यपूर्वमा फैलँदो युद्धले विश्व इन्धन बजार नै अस्तव्यस्त हुने लक्षण देखिन थालेको छ। पूर्णतः आयातमा निर्भर नेपालजस्ता मुलुकहरूलाई आसन्न सङ्कट कष्टकर हुनसक्छ। राज्यका सरोकारवाला निकायहरूले संकटको सामना गर्ने रणनीति बनाउन र लागु गर्न पनि ढिलो नगरून् !

### *सिरहामा ...*

हजार ९७२, क्षेत्र नं ३ मा ३७ हजार ९५८ र क्षेत्र नं ४ मा ३९ हजार ३५८ मत प्राप्त गरेको छ। नेपाली कांग्रेसले कुल ३३ हजार ३८८, नेकपा (एमाले)ले २६ हजार ९१ र नेपाली कम्युनिस्ट पार्टीले १९ हजार ३६८ मत प्राप्त गरेका छन्। त्यस्तै, जनता समाजवादी पार्टी नेपालले १५ हजार ४९१, जनमत पार्टीले १० हजार ७३ तथा राष्ट्रिय प्रजातन्त्र पार्टीले दुई हजार ३९२ मत प्राप्त गरेका छन्।

जिल्लाका चारवटै क्षेत्रमा समानुपातिकतर्फ योपटक चार लाख ५६ हजार २१७ मतदातामध्ये दुई लाख ८९ हजार ९७७ मत खसेको जिल्ला निर्वाचन अधिकारी राजन श्रीवास्तवले जानकारी दिए। उनका अनुसार समानुपातिकमा खसेको मतमध्ये दुई लाख ७९ हजार ४२९ मत सदर र १० हजार ५४८ मत बदर भएको छ।

### *सिरहामा कांग्रेसद्वारा ...*

चौधरीलाई संसदीय चुनावको मैदानमा उतारेको यो क्षेत्रमा ०७९ को निर्वाचन जितेका नेकपा एमालेका रामशंकर यादव यसपटक तेस्रो स्थानमा खुम्चिएका छन्।

# ताजा जनादेशका चुनौतीहरू

प्रताप अधिकारी

भर्खरै सम्पन्न चुनावको नतिजा धेरैलाई अप्रत्याशित लाग्यो होला। विसं २०७९ सालको निर्वाचनको प्रयोजनका लागि गठन भएको, राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिमा अनुभव नभएका अधिकांश युवाको संगठनले प्रजातन्त्रका लागि जेलनेल भोगेका, क्रान्ति गरेका र दशकौंदेखि राजनीति गर्दै आएका दल तथा तिनका नेताहरूलाई यसरी परास्त गर्छन् भन्ने कल्पनाबाहिरकै कुरा थियो। तर, ती पुराना भनिएकाहरूको राजनीतिक दम्भ र अहङ्कार, तिनले गरेका भ्रष्टाचार, तिनले गरेका अधुरा वाचा र तिनीहरू राष्ट्र र जनताप्रतिको कर्तव्यबाट च्युत भएको यथार्थ कसरी समाजका दुईतिहाइभन्दा ठूलो हिस्साले मनन गरिरहेको रहेछ भन्ने फागुन २१ गतेको निर्वाचनले स्पष्ट पारिदिएको छ।

अब यो उदीयमान शक्ति— राष्ट्रिय हित, राष्ट्रिय सार्वभौमिकता र अखण्डताको सुरक्षा, जनताको जीवनस्तर वृद्धि तथा प्रविधि तथा पूर्वाधारको विकासमा आगामी पाँच वर्ष कसरी समर्पित हुन्छ ? त्यो समयले नै बताउँदै जानेछ। हाललाई यो नेपाली जनताले खोजेको मुलुकको विकास, समृद्धि र परिवर्तनको आशाको ठूलो र महत्त्वपूर्ण विन्दु भएको छ।

संविधान संशोधनका लागि चाहिने दुईतिहाइ बहुमत (प्रतिनिधि सभामा) ल्याउन उन्मुख यस राष्ट्रिय स्वतन्त्र पार्टीको राष्ट्रिय सभामा भएको शून्य उपस्थितिका कारण संविधान नै संशोधन गर्न कम्तीमा पनि अब १७–१८ महिनापछि हुने स्थानीय निकायको चुनावको नतिजा नआउन्जेलसम्म कुर्नैपर्ने हुन्छ। तर जुन लहर अहिले देखिएको छ त्यसलाई निरन्तरता दिने काम भने नयाँ बन्ने स्पष्ट बहुमतसहितको सरकारका नीति तथा कार्यक्रम, ऐननियममा गरिने संशोधन र नयाँ बनाइने ऐननियमले निर्दिष्ट गर्नेछन्।

राष्ट्रिय जननीतिमा मूलतः सामाजिक र आर्थिक विकास तथा तिनमा प्रत्येक नागरिकको समान पहुँचको सवाल महत्त्वपूर्ण हुने गर्छ। साथै औद्योगिक विकास, रोजगारीको सिर्जना, स्वदेशी उत्पादन (औद्योगिक, कृषि, घरेलु) को बजारको सुनिश्चितता, शिक्षा र स्वास्थ्यमा नागरिकको सरल एवं सुलभ पहुँच, निर्यात प्रवर्द्धन, आयातमाथिको निर्भरताको न्यूनीकरण, ऊर्जामाथिको परनिर्भरता घटाउन जलविद्युत् र वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विकास, सुकुम्बासी समस्याको समाधान, सहकारी पीडितहरूको समस्याको समाधान, भ्रष्टाचार तथा अन्य मानवजन्य घृणित र जघन्य अपराधमा शून्य सहनशीलताजस्ता कुराहरू अपरिहार्य छन्। विगतका दर्जनौं भ्रष्टाचारका फाइलहरू खोल्नुपर्नेछ।

भ्रष्टको संरक्षक र मतियार बनेर बसेको प्रशासन, न्याय सेवा र सुरक्षा संयन्त्रलाई सुधार गर्नुपर्नेछ। जनताको करबाट तलब खानेहरूले दलगत राजनीति गर्ने संगठनमा बन्देज लगाउनुपर्नेछ। राष्ट्रिय राजनीतिका धेरै पाटा छन्। अहिलेको संसदीय संरचना र प्रादेशिक ढाँचा कतिको उपयुक्त साबित भएको छ ? त्यसलाई केलाउनुपर्नेछ। संसदीय प्रजातन्त्र र उदार अर्थतन्त्रको विकल्पमा मेरा धारणा छैनन्। प्रत्यक्ष र समानुपातिक प्रतिनिधित्वको यो संसदीय व्यवस्थामा कसैको पनि बहुमत आउन सक्दैन र यो निर्वाचन प्रणालीले स्थायी सरकार दिँदैन भन्ने भ्रम अहिले चिरिइसकेको छ।

प्रदेश सरकारको उपादेयता त्यति देखिएको छैन र जनताले पनि अनुभूत गर्नसकेका छैनन्। त्यसैले तिनको आकार सानो पारेर वा पूर्णतः हटाएर स्थानीय निकाय (गाउँ र नगर) लाई बढी अधिकार तथा स्वायत्तता दिने हो कि भन्ने विषयमा विमर्श गर्नुपर्नेछ। देशभित्रका प्राकृतिक स्रोत र सम्पदाको अधिकतम उपयोग, वातावरणीय सन्तुलन, छिमेकी राष्ट्रसँगको सीमा भएर बग्ने नदीनालाहरूको व्यवस्थापन र तिनबाट अधिकतम लाभ लिने तथा राष्ट्रिय हितअनुसार उपयोग गर्ने कुरा अर्को गहन पक्ष हो।

विगतमा प्राकृतिक स्रोत र सम्पदाका विषयमा मित्रराष्ट्रहरूसँग भएका असमान र एकपक्षीय सन्धि सम्झौताहरूबाट पाठ सिकेर नयाँ गरिने यस्ता प्राकृतिक र पूर्वाधारसँग सम्बन्धित सम्झौताहरू नेपाल र नेपालीको पक्षमा समानरूपको हुनुपर्छ भन्ने कुरामा बलियो जनाधार टेकेर बन्न लागेको नयाँ सरकार चुक्नेछैन। राष्ट्रिय राजनीतिको अर्को पाटो भनेको सीमा सुरक्षा र राष्ट्रको सार्वभौमिकता तथा अखण्डताको कुरा हो। विश्वका दुई विशाल राष्ट्रहरूले घेरिएको हाम्रो सानो राष्ट्रको दुवै छिमेकीसँग सीमा विवाद सदियौँदेखि नै छ। विवादित सीमाको समाधानका लागि कूटनीतिक पहलबाहेक नेपालसँग अर्को विकल्प पनि छैन।

यस परिस्थितिमा अहिले निर्विवाद रहेका सीमालाई कसरी सुरक्षित बनाउने भन्ने सन्दर्भमा पनि नयाँ बन्ने सरकारले कदम चाल्न ढिला गर्नु हुँदैन। एउटा छिमेकी राष्ट्रसँगको खुला सिमाना र निर्वाधरूपमा आवतजावत गर्न पाउने अवस्थालाई पनि पुनर्विचार गरेर अभिलेखीकरण र निगरानी गर्न थाल्नुपर्ने देखिन्छ। जसले गर्दा खुला सिमानाका कारण हुने आपराधिक गतिविधि र तस्करी नियन्त्रणमा मद्दत पुग्नेछ।

नेपालको परराष्ट्र वा अन्तर्राष्ट्रिय सम्बन्धको कुरा गर्ने हो भने भारत, चीन, युरोपेली मुलुकहरू र संयुक्त राज्य अमेरिकासँगको सम्बन्ध उल्लेख्य छ। नेपालको परराष्ट्र नीतिको मूल आधार असंलग्नता र सहअस्तित्वका पाँच सिद्धान्त हुन्। देशको भौगोलिक अवस्थितिका कारण ती आधारबाट विचलित हुनसक्ने अवस्था हाम्रो छैन।

विगतका सरकारले गरेको जस्तो कहिले भारतीय झुकाव देखाउने, कहिले चिनियाँ झुकाव देखाउने नीति झन् घातक छ। नेपालसँगको चिनियाँ स्वार्थ भनेको यहाँको सानो बजार तथा प्राकृतिक स्रोत र सम्पदा होइन। चीनको अखण्डता, खासगरी चीनबाट तिब्बत टुक्र्याउन हुनसक्ने विद्रोह र चलखेलमा नेपाली भूमिको प्रयोग नहोस् भन्नेमात्र चीनको चाहना हो। र त्यसमा जस्तोसुकै उक्साहट र बहानामा पनि नेपाल गम्भीर हुनैपर्छ।

रह्यो भारतीय पक्ष धर्म, संस्कृति, भेषभूषा, रहनसहन र भौगोलिक निकटताले नेपाल भारतसँग स्वाभाविकरूपमा बढी नजिक र आश्रित छ। सीमा विवाद, विगतमा भएका असमान सन्धि सम्झौता र बेलाबखत भारतले देखाउने रवैयाका कारण सम्बन्धमा तिक्तता देखिए पनि भारतसँगको सम्बन्ध सुधार्नु र त्यसलाई बढाउनुबाहेक अर्को विकल्प छैन। बहुमत पाएर आएको नयाँ बन्ने सरकारले भारतमाथिको निर्भरता औद्योगिकीकरण र आफ्ना उत्पादनको बजारीकरणमार्फत घटाउन सक्यो भने प्राकृतिक स्रोत र सम्पदाको उपयोगमा समान हक स्थापित गरेर पूरा गर्न सकिने आयोजनाहरू धेरै छन्। पारवहन र व्यापारका धेरै व्यवधानहरू हल गर्न सकिन्छ।

पश्चिमी (युरोपेली) राष्ट्रहरू र संयुक्त राज्य अमेरिकाको बेग्लै स्वार्थ छ। मानव अधिकार, धर्मनिरपेक्षता र लोकतान्त्रिक व्यवस्था उनीहरूको मूल ध्येय हो। चीन र भारतविरुद्ध निगरानी गर्न अनि ती दुई देशको अखण्डता विरोधी गतिविधिलाई प्रश्रय दिन नेपालको भूमि सहज छ र अमेरिकालगायत पश्चिमी मुलुकहरूले त्यही गर्न चाहेका छन् र गरिरहेका छन् भन्ने धारणा नेपाली समाजमा बढ्दो छ। नेपाली जनता र सरकार त्यस्ता छिमेकीविरोधी गतिविधिका लागि कुनै पनि मूल्यमा प्रयोगमा आउनु हुँदैन भन्नेमा स्पष्ट हुनुपर्छ। ती मुलुकहरूसँगको सुझबुझ र संयमपूर्ण सम्बन्धबाट नेपालले लिन सक्ने फाइदाहरू धेरै छन्।

प्रविधि र पूर्वाधारको विकासमा उनीहरूको सहयोग र नेपाली उत्पादनको उनीहरूको बजारसम्म पहुँच धेरै अर्थमा नेपालको लागि अपरिहार्य छ। दिनेले विनास्वार्थ दिँदैन र लिनेले लिएको छैन भन्न सक्दैन। तसर्थ दिनेको स्वार्थ छिमेकीको विरुद्ध नहोस् भन्ने सतर्कता अपनाउने जिम्मा राज्यको हो।

प्रतिनिधि सभाको दुईतिहाइ संख्याको जिततर्फ उन्मुख राष्ट्रिय स्वतन्त्र पार्टीले देशभित्र उठेका राष्ट्रिय सवालहरूमध्ये राजसंस्थाको पुनर्बहाली र हिन्दू राष्ट्रको स्थापनाका मामलामा आफ्नो आधिकारिक धारणा व्यक्त गरेको छैन। कदाचित् प्रतिनिधि सभामा उसको पक्षमा दुईतिहाइको नतिजा आयो र स्थानीय निकायको निर्वाचनसम्म अहिलेको जनलहर कायम राख्न सकेको परिणामस्वरूप राष्ट्रिय सभामा पनि दुईतिहाइ पुग्यो भने संविधानका धेरै प्रावधानहरू उसले संशोधन गर्न सक्छ। त्यसकारण राजसंस्था र धर्मनिरपेक्षताका बारेमा राष्ट्रिय स्वतन्त्र पार्टीको आधिकारिक धारणा अहिले नै स्पष्ट हुनु अत्यन्त जरुरी छ। त्यसो भयो भने स्थानीय निर्वाचन हुँदा त्यो नै एउटा जनमत संग्रहसरहको आधार पनि बन्नेछ।

पार्टीका सभापति सहकारी ठगीको मुद्दा झेलिरहेका छन्। प्रधानमन्त्रीका रूपमा तोकिएर निर्वाचन जितेको बालेन्द्र शाहको समूह र मूल राष्ट्रिय स्वतन्त्र पार्टीबीच संसदीय दलको नेता छान्ने सवालमा सुरुका दिनमा विवाद नहोला तर बिस्तारै समयक्रमसँगै व्यक्तित्व, पद, अधिकार र अवसरलाई लिएर वैमनस्य हुन्छ भनी अड्कलबाजी गर्नेहरू निस्किसकेका छन्। साँच्चै नै अड्कल सही निस्कियो भने वा फुटाउने र जुटाउने कलामा माहिर महारथीहरूको चंगुलमा राष्ट्रिय स्वतन्त्र पार्टी फस्यो भने वा शंका गरिएझैँ विदेशी हस्तक्षेपले आफूअनुकूल हस्तक्षेप गर्न सक्यो र पार्टी फुट्यो भने देश तथा जनताका लागि त्योभन्दा धोका अर्को हुनेछैन।

पार्टीको अहिलेको जितमा राष्ट्रिय स्वतन्त्र पार्टीप्रतिको जनताको विश्वास र काठमाडौँ महानगरपालिकाको मेयरका रूपमा उठ्दै गर्दादेखि नै जनताले बालेनप्रति देखाएको विश्वास तथा उत्साहको बराबरी योगदान छ। त्यसैले भावी प्रधानमन्त्रीका उम्मेदवार तोकिएर चुनावमा होमिएका बालेनलाई त्यही हैसियतमा काम गर्ने र गरेका कामका आधारमा मात्रै मूल्यांकन गर्नुपर्ने हुन्छ।

चुनावको अप्रत्याशित परिणाम पश्चिमाहरूको सफल सुनियोजनले हो भन्ने विज्ञहरूले गाउँ, सहर, पहाड, तराई र हिमालमा बस्ने मतदाताहरूको जनादेशलाई अवहेलना गरेका छन्। पुराना सत्ताधारी दल र तिनका प्रतिनिधिहरूले राज्यको स्रोत तथा साधनको दोहन गरेको, वैदेशिक सहयोगको दुरुपयोग गरेको र करदाता नेपालीको दुर्गतिमा आफ्नो विरासत र विलासिता जोगाएको कारण वर्तमान निर्वाचनको परिणाम आएको हो भनेर स्वीकार्न तिनै दलका नेता कार्यकर्ता र षड्यन्त्रका सिद्धान्तकारहरू अझै तयार छैनन्।

जहानियाँ राणा शासनदेखि शाहवंशीय शासनसत्ताका विरुद्ध आवाज उठाउँदै विद्रोह र क्रान्ति गर्दै आएका नेपाली कांग्रेस, नेपाली कम्युनिस्टका विभिन्न घटक, माओवादी तथा क्षेत्रीय आन्दोलनमा संलग्न मधेसी, थारू लगायत अन्य सबै जनजाति आन्दोलनका सारथीहरू सम्पन्न निर्वाचनबाट बढारिएका छन्। त्यसको एउटैमात्र कारण हो उनीहरू समग्र राष्ट्र र जनताप्रति उत्तरदायी भएनन्। राष्ट्र र जनताको समग्र विकास

–बाँकी तीन पेजमा

# सप्तरीमा आँपको उत्पादन ११ हजार मेट्रिकटनले वृद्धि हुने



**विनय कर्ण**

सप्तरी, २६ फाल्गुन। आँपको राजधानी मानिने सप्तरीमा यसवर्ष आँपको उत्पादनमा वृद्धि हुने भएको छ। देशभरिमै स्वादिष्ट आँपको लागि लोकप्रिय मानिने सप्तरीमा यस वर्ष आँपको बोटमा विगतको तुलनामा बढी मन्जरी लागेकोले उत्पादनमा वृद्धि हुने भएको हो।

गत आर्थिक वर्षमा ६४ हजार ३७३ मेट्रिकटन आँपको उत्पादन भएकोमा यस वर्ष ७५ हजार मेट्रिकटन आँप उत्पादन हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किशुनदेव राउतले जानकारी दिनुभयो। गत वर्ष आँपका लागि 'अफयेयर' अर्थात् नफल्ने वर्ष थियो र यस वर्ष 'अनयेयर' अर्थात् फल्ने वर्ष भएकोले उत्पादकत्वमा वृद्धि हुने उहाँले बताउनुभयो। "आँपको नेचर नै त्यस्तो हुन्छ, एक वर्ष धेरै फल्ने र त्यसपछिको वर्ष कम फल्ने र यो वर्ष बढी फल्ने वर्ष भएकोले उत्पादनमा वृद्धि हुनु स्वभाविक हो" राउतले भन्नुभयो।

कूल आठ हजार २५३ हेक्टर जमिनमा आँपको बोट रहेको सप्तरीमा आर्थिक वर्ष २०८२/०८३ मा ७५ हजार मेट्रिकटन उत्पादकत्व हुने कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ। मधेश प्रदेशमै सबै भन्दा बढी आँप उत्पादन हुने जिल्लाको रूपमा पनि चिनिएको सप्तरीको भौगोलिक अवस्था र हावापानीको दृष्टिकोणले हेर्दा आँप उत्पादनका सुहाउँदो मानिन्छ।

मधेश प्रदेशमा सप्तरीपछि सिरहामा पनि राम्रै आँप उत्पादन हुन्छ तर, स्वादको मामिलामा सप्तरीको आँप उत्कृष्ट मानिएको छ।यहाँको मालदह, बम्बई, कलकतीया, अम्रपाली, मल्लिका र गुलाव खास आँप एकदमै स्वादिलो हुने भएकाले अनयन्त्र जिल्लामा पनि ती आँपहरूको ठुलो माग रहिआएको छ।

*सप्तरीका चार ...*

निलमकुमारी यादव, सार्वभौम नागरिक पार्टीका दीपककुमार मण्डल, आम जनता पार्टीका सुनिलराज दास, नेपालका लागि नेपाली पार्टीका इन्द्रसागर गुप्ता र श्रम संस्कृत पार्टीका त्रिभुवन खंगलगायतको पनि जमानत जफत भएको छ।

यसैगरी क्षेत्र नं. ३ मा रास्वपाका अमरकान्त चौधरी, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, नेपाली कांग्रेसका दिनेशकुमार यादव र एमालेका ताराकान्त चौधरी बाहेक अन्य १८ उम्मेदवारको जमानत जफत भएको छ। नेपाली कम्युनिष्ट पार्टीका अरुणकुमार साह, जनमत पार्टीका सुरेन्द्र शर्मा, उज्यालो नेपाल पार्टीका परमेश्वरप्रसाद साहु, नेपाल मजदुर किसान पार्टीका प्रभुप्रसाद साह, राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्देश्वरप्रसाद साह, राष्ट्रिय मुक्ति पार्टीका गजेन्द्रकुमार मण्डल, आम जनता पार्टीका धनिकलाल चौधरी, बहुजन एकता पार्टी नेपालका महादेव राम, नेपाल जनता पार्टीका सन्तोषकुमार चमनलगायतको जमानत पनि जफत भएको छ।

क्षेत्र नं. ४ मा रास्वपाका सिताराम साह, नेपाली कांग्रेसका तेजुलाल चौधरी र जसपा नेपालकी बबीकुमारी सिंह यादव बाहेक अन्य २२ उम्मेदवारको जमानत जफत भएको छ। नेकपा (एमाले) का गंगाप्रसाद चौधरी, नेकपाकी रुबीकुमारी कर्ण, जनमत पार्टीका जितेन्द्रकुमार साह, नेपाल जनता पार्टीका कोशलकिशोर दास, उज्यालो नेपाल पार्टीका बिशोकुमार यादव, नेपाल मजदुर किसान पार्टीका रामनारायण साहलगायतको जमानत जफत भएको छ।

निर्वाचन निर्देशिकाअनुसार कुल सदर मतको १० प्रतिशत मत प्राप्त गर्ने उम्मेदवारको मात्र जमानत जोगिने व्यवस्था छ। जिल्लाका चारवटै क्षेत्रमा खसेको मतमध्ये कुल २ लाख ९१ हजार १ सय ७७ मत सदर भएको थियो। उक्त मतको १० प्रतिशत मत ल्याउन नसक्दा ८९ जना उम्मेदवारले जमानत गुमाएका हुन्।

# रौतहटमा १२८ उम्मेदवारको धरौटी जफत

**प्रवीण कुमार शर्मा**

रौतहट, २६ फाल्गुन। प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत रौतहटका चार वटा निर्वाचन क्षेत्रका १२८ जना उम्मेदवारको धरौटी जफत भएको छ। कुल सदर मतको १० प्रतिशतसम्म मत प्राप्त गर्न नसकेपछि उहाँहरूको धरौटी जफत भएको जिल्ला निर्वाचन कार्यालय रौतहटले जनाएको छ। धरौटी जफत हुनेमा नेपाली कांग्रेश,नेपाल कम्युनिस्ट पार्टी ( एमाले) ,नेपाली कम्युनिस्ट पार्टी (नेकपा),आम जनता पार्टि लगायतका दल र स्वतन्त्र उम्मेदवार रहेका छन्।

रौतहट जिल्लाका चार वटै प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा कुल १४२ जना उम्मेदवारले मनोयन दर्ता गराएका थिए। ती मध्ये १४ जना उम्मेदवारले मात्र धरौटि जोगाउन सफल भएका छन्। निर्वाचन क्षेत्र नं. १ मा ३९ जना उम्मेदवार मध्ये ३४ जनाको धरौटि जफत भएको जिल्ला निर्वाचन कार्यालय रौतहटका प्रमुख छोटेलाल दाशले जानकारी दिनुभयो। त्यसैगरी निर्वाचन क्षेत्र नं. २ मा २६ उम्मेदवार मध्ये नेकपा एमाले र जनता समाजवादी पार्टी नेपालका उम्मेदवारसहित २३ जनाको धरौटि जफत भएको उहाँले बताउनुभयो।

निर्वाचन क्षेत्र नं. ३ मा ४० उम्मेदवार मध्ये नेपाली काँग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टीसहित ३७ जनाको धरौटि जफत भएको छ। यस्तै निर्वाचन क्षेत्र नं. ४ मा ३७ उम्मेदवार मध्ये नेकपा एमाले, जनता समाजवादी पार्टी नेपाल र आम जनता पार्टि सहित ३४ जनाको धरौटि जफत भएको जिल्ला निर्वाचन कार्यालय रौतहटका प्रमुख दाशले जानकारी दिनुभयो।

रौतहटमा १२८ जना उम्मेदवारको धरौटी जफत हुँदा कुल १२ लाख ८० हजार रुपैयाँ राजस्व संकलन भएको उहाँले बताउनुभयो। प्रतिनिधि सभा सदस्य निर्वाचनमा विजयी उम्मेदवार सहित धरौटी जोगाउन सफल भएका १४ जना उम्मेदवारले प्रक्रिया पुर्याएर माग गरेमा धरौटी रकम फिर्ता गरिने उहाँले भन्नुभयो।

*माछा मार्न ...*

सन्तोष थापाका अनुसार दुई पटक माछा मारेर बाहिर निस्कनुभएका दास तेस्रो पटक पुनः पोखरीमा पस्दा डुब्नुभएको थियो।

पोखरीमा युवक डुबेको खबर पाएलगत्तै पुगेको नेपाली सेनाको बरख गण, सशस्त्र प्रहरी र नेपाल प्रहरीको गोताखोर टोलीले करिब चार घण्टाको प्रयासपछि शव बाहिर निकालेको थियो। राजविराजस्थित बरख गणका गणपति प्रमुख सेनानी सोभितबहादुर चन्दले सुरक्षाकर्मीको टोलीले मृत अवस्थामा शव फेला पारेको बताउनुभयो। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# फेसबुकमा 'भाइरल' उम्मेदवारले चुनावमा कति मत पाए ?

सामाजिक क्षेत्रबाट उदाएका धेरै उम्मेदवार विजयी हुँदा सामाजिक सञ्जालमा भाइरल केही उम्मेदवारलाई भने मतदाताले पत्याएनन्।




काठमाडौं, २६ फाल्गुन। फागुन २१ गते भएको प्रतिनिधि सभा निर्वाचनको १६१ क्षेत्रको अन्तिम नतिजा आउँदा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले १२४ सिटमा जित निकाल्न सफल भएको छ। सामाजिक क्षेत्रबाट उदाएका धेरै उम्मेदवार विजयी हुँदा सामाजिक सञ्जालमा भाइरल केही उम्मेदवारलाई भने मतदाताले पत्याएनन्। उनीहरुले जमानतसमेत जोगाउन सकेनन्। पत्रकारिता गरिरहेका ऋषि धमला प्रभु साह नेतृत्वको जनमत पार्टीबाट रौतहट क्षेत्र नम्बर ४ मा चुनाव लडे तर जमानत जफत भयो। पत्रकारिताको समयमा सधैं भाइरल हुने उनी निर्वाचनको बेलामा पनि चर्चित रहे। कहिले जेरी र चटपटे बनाएर त कहिले ट्याक्टर चलाएर उनी भाइरल भइराखे।

तर, उनलाई त्यहाँका मतदाताले पत्याएनन्। उक्त क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का गणेश पौडेलले ३६ हजार ८७६ मत ल्याउँदा ऋषि धमलाले मात्र ६५५ मत पाए। धमला जस्तै सामाजिक सञ्जालमा छाएका दिवाकर साह, निशा अधिकारी, प्रा.डा. युवराज संग्रौला र समीरमान सिंह बस्नेतले पनि जमानत जोगाउन सकेनन्। सामाजिक सञ्जालमा चर्चा पाउने हेमराज थापा र स्वागत नेपाल ( भद्रप्रसाद नेपाल)पनि जितबाट टाढा रहन पुगे। धमला जस्तै पत्रकारिताबाट चर्चामा आएका दिवाकर साहलाई मतदाताले विश्वास गरेनन्। उनले धनुषा–३ मा स्वतन्त्र रुपमा उम्मेदवारी दिएका थिए।

पत्रकारिता गर्दा सामाजिक क्षेत्रमा भएको विसंगतीविरुद्ध आवाज उठाएर चर्चा पाएका दिवाकर यसपटक चुनावमा होमिएका थिए। उक्त क्षेत्रमा रास्वपाका मनिष झाले ४३ हजार ९८८ मत ल्याउँदा दिवाकर ३९८ मतमै रोकिए। निर्वाचनमा जमानतसमेत जोगाउन नसकेका दिवाकरले पत्रकारितामा फर्किसकेको बताएका छन्। गतिशील लोकतान्त्रिक पार्टीकी केन्द्रीय सदस्यसमेत रहेकी अभिनेत्री निशा अधिकारीले एक सय मत समेत कटाउन सकिनन्। उक्त क्षेत्रका विजेता सस्मित पोखरेलले ३० हजार ७३७ मत ल्याउँदा निशा ९१ मतमै अड्किइन्। करिअरमा ३० भन्दा बढी फिल्ममा अभिनय गरेर चर्चामा आएकी निशालाई पनि काठमाडौं–५ का मतदाताले पत्याएनन्।

सामाजिक विषयमा चर्को आवाज उठाएर चर्चित बनेका हेमराज थापालाई पनि यसपटक मतदाताले संसदमा पठाएनन्। बाजुरामा राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) बाट उम्मेदवार बनेका हेमराज तेस्रो बने। उक्त क्षेत्रमा विजयी भएका नेपाली कांग्रेसका जनकराज गिरीले १७ हजार १७३ मत ल्याउँदा हेमराजले ६ हजार ३५ मत मात्र लिन सके। वरिष्ठ अधिवक्ता, कानुनविद् र पूर्व महान्यायाधिवक्ता प्रा.डा युवराज संग्रौला पनि यसपटकको निर्वाचनमा झापा–२ बाट पछारिए। उक्त क्षेत्रमा स्वतन्त्र रुपमा उम्मेदवारी दिएका संग्रौलाले जमानत समेत जोगाउन सकेनन्।

संविधान, फौजदारी कानुन र राष्ट्रिय मामिलाहरूका विषयमा बेलाबेलामा फरकफरक मत राखेर चर्चा आउने संग्रौलालाई झापा–२ का मतदाताले पत्याएनन्। विजेता रास्वपाकी इन्दिरा रानामगरले ६० हजार ११० मत ल्याउँदा संग्रौलाले मात्र ३०५ मत मात्रै पाए। झापा २ बाटै चुनाव लडेका राप्रपाका भद्रप्रसाद नेपाल (स्वागत नेपाल)ले भने ३ हजार ९६५ मत पाए।

काठमाडौं क्षेत्र नम्बर १ बाट उम्मेदवारी दिएका उद्यमी असिममान सिंह बस्न्यातलाई पनि मतदाताले पत्याएनन्। राइड शेयरिङ एप पठाओका सञ्चालकसमेत रहेका बस्न्यातले मात्र ५० मत पाए। उक्त क्षेत्रमा रास्वपाकी रञ्जु न्यौपाने (दर्शना)ले १५ हजार ४५५ मत ल्याउँदा बस्न्यातले ५० मत ल्याउँदै नवौं स्थानमा रहे।

# रौतहटमा २२ हजार मत बदर

**सञ्जय कुमार मिश्र**

गौर, २६ फाल्गुन। प्रतिनिधि सभा निर्वाचनअन्तर्गत रौतहट जिल्लामा १ सय २८ जना उम्मेदवारको जमानत जफत भएको छ भने २२ हजारभन्दा बढी मत बदर भएको छ। रौतहट जिल्लाको चारवटै निर्वाचन क्षेत्रमा कुल १ सय ४२ जना उम्मेदवारले मनोनयन दर्ता गराएकामध्ये मात्र १४ जना उम्मेदवारले मात्र जमानत बचाउन सफल भएका हुन्।

कुल सदर मतको १० प्रतिशत मत ल्याउन नसक्दा जमानत जफत हुने कानुनी प्रावधान अनुसार निर्वाचन क्षेत्र नम्बर १ मा ३९ जना उम्मेदवार मध्ये ३४ जना निर्वाचन क्षेत्र नम्बर २ मा २६ उम्मेदवार मध्ये २३ जनाको जमानत जफत भएको जिल्ला निर्वाचन कार्यालय रौतहटले जनाएको छ। निर्वाचन क्षेत्र नम्बर ३ मा ४० उम्मेदवारमध्ये ३७ जना र निर्वाचन क्षेत्र नम्बर ४ मा ३७ उम्मेदवार मध्ये ३४ जनाको जमानत जफत भएको जिल्ला निर्वाचन अधिकारी छोटेलाल दासले बताउनुभयो।

निर्वाचनमा कुल सदर मतको १० प्रतिशत मत ल्याउन नसक्ने उम्मेदवारको धरौटी रकम जफत हुने व्यवस्था रहेको समेत जिल्ला

–बाँकी अन्तिम पेजमा

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# चोरपाने बस्तीमा कालोपत्र सडक, स्थानीय भन्छन्, समृद्धिको पहिलो पाइला

त्यही आठ किलोमिटर दूरी छिचोल्दै पक्की सडकमार्फत जोडिन चोरपानेले पाँच दशक कुर्नुपर्‍यो।



**सुरेश राय**

सिरहा, २६ फाल्गुन। सिरहाको गोलबजार नगरपालिका-३ को चोरपाने बस्ती पूर्व-पश्चिम राजमार्गबाट आठ किलोमिटर उत्तरमा पर्छ। त्यही आठ किलोमिटर दूरी छिचोल्दै पक्की सडकमार्फत जोडिन चोरपानेले पाँच दशक कुर्नुपर्‍यो। तर, यी पाँच दशकमा चोरपाने बस्तीले सडकमा हिलो र धुलोको सास्ती बेहोरिहयो। आधा शताब्दीको प्रतीक्षापछि चोरपानेको आँगनले कालोपत्र सडक देखेको छ।

कालो र चम्किलो सडक आँगनसम्मै फैलिएर आएपछि यहाँका बासिन्दा खुसी र उत्साह छाएको छ। अहिले यो सडकलाई उनीहरूले केवल आवतजावतको माध्यम मात्र नभएर सहज जीवन र सम्भावित समृद्धितर्फको पहिलो पाइलाका रूपमा लिइरहेका छन्। 'सडक नहुँदा निकै कष्ट भोग्नुपर्‍यो। बिरामी परेका व्यक्तिलाई उपचारका लागि डोकोमा बोकेर अस्पताल लैजानुपर्ने। एम्बुलेन्स गाउँमा नआउने,' चोरपानेकी ५७ वर्षीया गायत्री विश्वकर्मा भन्छिन्, 'समयमै अस्पताल पुर्‍याउन नसक्दा कैयौँ मानिस मरेर गए।' वर्षायाममा हिलाम्मे बाटोको सास्तीका कथा त सामान्य नै रहेको उनले सुनाइन्। उमेरले ६० नजिक पुगेकी उनी सडक अभावका पीडा कैयौँ कथा चोरपाने बस्तीसँग रहेको बताइन्।

'अहिले आफ्नै जीवनकालमा कालोपत्रे सडक देख्न पाइयो। अब हामीले भोगेको दुःख नाति-नातिनाले भोग्नुपर्ने छैन,' उनले भनिन्। ४७ वर्षीया सुकमाया तामाङले विगतका तुलनामा कालोपत्रे सडक गाउँमै पुग्दा धेरै सहज हुने अनुभव सुनाउँछिन्। 'धेरै सहज हुने रहेछ। अहिले त बिरामी हुँदा फोन गरेको आधा घण्टामै एम्बुलेन्स आइपुग्छ। कतै जाऊँ भने पनि चाँडै पुगिन्छ,' उनले भनिन्।

स्थानीय लालबाबु योञ्जनले नुन र चामलका लागि हाट जानुपर्ने दिनसमेत सम्झिए। 'त्यो युग निकै कष्टकर थियो। हाट-बजार जान लड्दै-पर्दै जानुपर्थ्यो। दाल-चामल किनेर ल्याउँदा निकै दुःख हुन्थ्यो,' उनले भने, 'अहिले धेरै परिवर्तन देखौँ। अब सडक नै बनेपछि गाउँको अवस्था झन् धेरै परिवर्तन हुन्छ होला।' गाउँमा कालोपत्रे सडक पुगेपछि आर्थिक र सामाजिक गतिविधि पनि विस्तार हुने विश्वास चोरपाने बस्तीको छ। चोरपाने बस्तीमा ६० घरधुरीको बसोबास रहेको छ।

# पर्सामा रास्वपालाई समानुपातिकमा अग्र मत

वीरगञ्ज, २६ फाल्गुन। गत बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ चारवटै सिट जितेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले समानुपातिकतर्फ चारवटै क्षेत्रमा पनि अग्र मत ल्याउने पार्टी बनेको छ। मुख्य निर्वाचन अधिकृत गायत्रीप्रसाद रेग्मीले पर्साको क्षेत्र नं १ मा ६२ हजार ५०६ मतमध्ये रास्वपालाई ३४ हजार ४६३ मत खसेको बताउनुभयो। नेपाली कांग्रेसलाई आठ हजार २६७ मत खसेको छ। त्यस्तै नेकपा (एमाले) लाई नौ हजार २३१, राष्ट्रिय प्रजातन्त्र पार्टीलाई तीन हजार २४०, जनता समाजवादी पार्टीलाई एक हजार ९९, नेपाली कम्युनिष्ट पार्टीलाई ६८१ मत खसेको छ।

पर्सा २ बाट समानुपातिकतर्फ कुल ६७ हजार १०७ मत खसेकोमध्ये सबैभन्दा धेरै मत रास्वपाले प्राप्त गरेको छ। निर्वाचन अधिकृत कार्यालयका अनुसार रास्वपालाई ३४ हजार ९१८ मत खसेको छ। कांग्रेस पार्टीलाई १० हजार ३४०, एमालेलाई आठ हजार ५८५, राष्ट्रिय प्रजातन्त्र पार्टीलाई तीन हजार ५०६, जनता समाजवादी पार्टी नेपाललाई दुई हजार ४५० मत खसेको छ। त्यसैगरी, पर्सा ३ मा समानुपातिकतर्फ रास्वपाले २४ हजार १५८ मत प्राप्त गरेको छ। सो क्षेत्रमा कांग्रेस आठ हजार ६५०, एमालेले छ हजार १६८, नेपाली कम्युनिष्ट पार्टीले एक हजार १९५ मत पाएको छ।

त्यस्तै, पर्साको ४ मा पनि समानुपातिकतर्फ रास्वपाले ३० हजार ३८९ मत प्राप्त गरेको छ। सो क्षेत्रमा कांग्रेसले ११ हजार ५१२, एमाले नौ हजार ९३५ मत ल्याएको छ।

# सामाजिक सञ्जालको हल्लाले पेट्रोल पम्पमा भिड



**शिवशंकर मिश्रा**

बारा, २७ फाल्गुन। तेल उत्पादक देशमा देखिएको युद्धसम्बन्धी समाचार र सामाजिक सञ्जालमा फैलिएको अफवाहका कारण बारा, पर्सा र आसपासका जिल्लाका पेट्रोल पम्पमा सवारीसाधनको अस्वाभाविक भिड देखिएको छ। पेट्रोलियम पदार्थ तथा खाना पकाउने ग्यास अभाव हुन सक्ने हल्ला फैलिएपछि उपभोक्ताले सवारीसाधनमा 'फुल ट्यांकी' इन्धन भर्ने होडबाजी चलेको हो। विशेष गरी मोटरसाइकल चालकहरू पेट्रोल पम्पमा लामबद्ध भएर तेल भर्ने दृश्य सर्वत्र देखिन थालेको छ। सामाजिक सञ्जाल र मोबाइल सन्देशमार्फत इरान, इराक, इजरायल र अमेरिकाबिचको द्वन्द्वका कारण नेपालमा इन्धन आपूर्ति प्रभावित हुन सक्ने हल्ला फैलाइएको छ।

विदेशमा युद्ध भइरहेको समाचारपछि इन्धन अभाव हुने डरले मोटरसाइकलमा तेल भर्न आएको परवानीपुर गाउँपालिका-४ का ब्रमेश पटेलले बताउनुभयो। "मोबाइलमा तेल अभाव हुन सक्छ भन्ने सन्देश फैलिएकाले समयमै जोहो गर्न आएको हुँ," उहाँले भन्नुभयो। नेपाल आयल निगम लिमिटेड, प्रादेशिक कार्यालय वीरगन्जले भने पेट्रोलियम पदार्थको आपूर्तिमा कुनै समस्या नरहेको स्पष्ट पारेको छ। कार्यालयका प्रमुख इन्जिनियर मोहनकुमार साहका अनुसार नेपालमा पेट्रोल, डिजेल तथा ग्यासको आपूर्ति नियमित भइरहेको छ र अभाव हुने कुनै संकेत छैन।

उहाँका अनुसार बारा, पर्सा र रौतहट जिल्लामा रहेका १११ वटा पेट्रोल पम्पमार्फत दैनिक करिब ८० देखो ९० किलोलिटर पेट्रोल र १८० देखि २०० किलोलिटर डिजेल बिक्री हुँदै आएको छ। तर, पछिल्ला तीन-चार दिनयता सामान्य अवस्थाको तुलनामा इन्धनको बिक्री करिब दोब्बरले बढेको उहाँले जानकारी दिनुभयो। इन्जिनियर साहले भन्नुभयो, "सामाजिक सञ्जालमा फैलिएको हल्ला, निर्वाचनको समय तथा लगातारको सार्वजनिक बिदाका कारण माग केही बढेको देखिए पनि भण्डारण र आपूर्ति पर्याप्त छ। त्यसैले उपभोक्ता आत्तिनुपर्ने अवस्था छैन।"

*रौतहटमा २२...*

निर्वाचन अधिकारी दासले जानकारी दिनुभयो। जिल्लाको चारवटै प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा चार लाख ३६ हजार ६११ मतदातामध्ये दुई लाख ९२ हजार ५२९ मत खसेको मतगणना परिणाम अनुसार २२ हजार ९ सय ९३ मत बदर भएको जिल्ला निर्वाचन अधिकारी दासले जानकारी दिनुभयो।

# सप्तरीमा तीन राष्ट्रिय अध्यक्ष पराजित







**धीरेन्द्रप्रसाद साह**

राजविराज, २६ फाल्गुन। सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सप्तरी जिल्लाबाट तीनवटा राजनीतिक दलका राष्ट्रिय अध्यक्ष पराजित भएका छन्। पराजित हुने तीनै जना मधेसकेन्द्रित दलका अध्यक्ष हुनुहुन्छ। जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा. सीके राउत र जनअधिकार पार्टीका अध्यक्ष डा. शरतसिंह यादव निर्वाचनमा पराजित हुनुभएको हो।

सप्तरी क्षेत्र नं. २ बाट उम्मेदवारी दिनुभएका जनमत पार्टीका अध्यक्ष राउत ९ हजार ८८० मत प्राप्त गर्दै तेस्रो स्थानमा सीमित हुनुभएको छ। सोही क्षेत्रमा जनअधिकार पार्टीका अध्यक्ष शरतसिंह यादवले ८१ मत प्राप्त गर्नुभएको छ। यस क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट रामजी यादव २८ हजार ४०४ मतसहित निर्वाचित हुनुभएको छ भने जसपा नेपालका उमेशकुमार यादव १४ हजार २६३ मतसहित दोस्रो स्थानमा रहनुभएको छ।

यसैगरी सप्तरी क्षेत्र नं. ३ बाट उम्मेदवार बन्नुभएका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव पनि पराजित हुनुभएको छ। उक्त क्षेत्रमा रास्वपाका डा. अमरकान्त चौधरी ३२ हजार ८७५ मत ल्याउँदै विजयी हुनुभयो भने यादव १५ हजार २३९ मतमा सीमित हुनुभयो। २०७९ को निर्वाचनमा क्षेत्र नं. २ बाट भारी मतान्तरले विजयी हुनुभएका राउत यस पटक आफैँ पराजित हुनुभएको हो।

शम्भुनाथ नगरपालिकाका मतदाता भोला चौधरी मधेस प्रदेश सरकारको नेतृत्व लामो समयसम्म सम्हालेको र पटक-पटक संघीय सरकारमा सहभागी भए पनि जनअपेक्षा अनुरूप कार्यसम्पादन गर्न नसक्दा मतदाताले मधेसवादी दलका नेताहरूलाई पराजित गरेको बताउनुहुन्छ। अर्का मतदाता सबिन यादव नेतृत्व पाएपछि जनसरोकारभन्दा पनि नातावाद र कमिसनतन्त्रमा लागेका कारण यस्तो परिणाम आएको आरोप लगाउनुहुन्छ।

महेदेवाका मतदाता सुकदेव मण्डल यस पटक 'जेनजी' आन्दोलनको उपज रास्वपाको लहरले स्थापित नेताहरू पराजित भएको तर्क गर्नुहुन्छ। "पुराना दल र नेताप्रतिको निराशाको कारण नयाँ शक्तिले मत पायो," उहाँले भन्नुभयो। जसपा नेपालका केन्द्रीय सचिव शैलेन्द्रप्रसाद साहले चुनावको जित-हार राजनीतिक यात्राको एउटा चरण मात्र भएको र मुद्दा एवं विचारको आन्दोलन कहिल्यै नहार्ने बताउनुभयो। यस्तै जनमत पार्टीका अध्यक्ष राउतले सामाजिक सञ्जालमार्फत आफू सांसद वा मन्त्री पदका लागि मात्र राजनीतिमा नआएको प्रतिक्रिया दिनुभएको छ।

जनअधिकार पार्टीका अध्यक्ष डा. शरतसिंह यादवले रास्वपाको नेतृत्वमा बन्ने सम्भावित सरकारलाई संघीयता, समावेशिता र समानुपातिक प्रणाली जस्ता प्राप्त उपलब्धिका विरुद्ध नजान आग्रह गर्नुभयो। रास्वपाका वरिष्ठ नेता बालेन शाहलाई प्रधानमन्त्रीको उम्मेदवार बनाइएपछि मधेसी जनताले ठूलो समर्थन दिएको स्मरण गराउँदै उहाँले संघीयता बलियो बनाउने प्रतिबद्धता पूरा हुनेमा आशा व्यक्त गर्नुभयो। मधेसवादी दलका अध्यक्षहरू मात्र नभई उहाँहरूले नेतृत्व गरेको पार्टीबाट प्रत्यक्षतर्फ अन्य उम्मेदवार पनि निर्वाचित हुन सकेका छैनन्। यस नतिजाले ती दलहरूलाई आफ्ना नीति र कार्यशैलीमा सुधार गर्दै अघि बढ्नुपर्ने सन्देश दिएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहकारः** कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट** : मार्गानुगामी दैनिक **कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)